# मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४ तथा नियमावली, २०६५ ले गरेका महत्त्वपूर्ण व्यवस्थाहरू

## परिचय



मानव बेचबिखन तथा ओसारपसार गम्भीर प्रकृतिको फौजदारी अपराध हुनुका साथै मानव अधिकारको गम्भीर उल्लंघन हो । विश्वभर नै मानव खास गरी महिला तथा बालबालिकाको बेचबिखन तथा ओसारपसार ठूलो समस्याको रूपमा बढ्दै गएको छ । विभिन्न प्रयोजनका लागि वर्षेनी लाखौ मानिसहरु बेचिन्छन् वा ओसारपसारको शिकार बन्दछन् । नेपालमा पनि महिला तथा बालबालिकाको बेचबिखन एक गम्भीर समस्याको रूपमा रहेको छ । बर्षेनी हजारौ महिला तथा बालबालिका विभिन्न बहाना बनाई भारतका मुम्बईलगायत प्रमुख शहरहरु, हङकङ र अन्य खाडी राष्ट्रहरूमा बिक्री भई निरन्तर यौन शोषणको शिकार बनी नारकीय जीवन बिताउन बाध्य छन् । विगतमा नुवाकोट, सिन्धुपाल्चोक, मकवानपुर आदि जिल्लामा मात्र सिमित रहेको यो समस्या हाल नेपालका २६ जिल्लाहरूलाई अति प्रभावित जिल्लाको रूपमा नेपाल सरकारले पहिचान गरेता पनि यो समस्या देशव्यापी रूपमा फैलिसकेको छ ।

नेपालमा एउटा जटिल समस्याका रूपमा रहेको महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने र त्यस्तो कार्यलाई दण्डनीय घोषणा गरी दण्ड सजायको व्यवस्था गर्ने उद्देश्यले सर्वप्रथम २०२० सालमा जारी भएको मुलुकी ऐनमा "जीउ मास्ने बेच्नेको महल" राखिएको पाइन्छ । तर मुलुकी ऐन जीउ मास्ने बेच्नेको महलमा समेटिएका कानूनी व्यवस्थाहरूबाट मात्र नेपालमा जीउ मास्ने बेच्ने कार्य प्रभावकारी रूपमा रोकथाम हुन नसकेको एवम् दोषीले उचित दण्ड पाउन नसकेको तथ्यलाई आत्मसात गर्दै वि.सं. २०४३ सालमा जीउ मास्ने बेच्नेसम्बन्धी अपराधको

नियन्त्रण र सजायसम्बन्धी विशेष कानून 'जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३' तर्जुमा गरी लागू गरियो । जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ ले जीउ मास्ने बेच्ने कार्यलाई गम्भीर अपराधको रूपमा परिभाषित गऱ्यो, यसैगरी सो ऐनले मानिस बेचबिखन गर्ने व्यक्तिलाई १० वर्षदेखि २० वर्षसम्म कैद हुने, मानिसलाई बेचबखिन गर्ने उद्देश्यले विदेश लैजाने व्यक्तिलाई ५ वर्षदेखि १० वर्षसम्म कैद हुने लगायतका दण्ड सजायको व्यवस्था गरेको थियो ।

मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कार्यलाई नियन्त्रण गर्ने एवम् त्यस्ता अपराध गर्ने व्यक्तिलाई सजाय गर्नेसम्बन्धी विद्यमान कानूनले "बेचबिखन" को परिभाषा संकुचित रूपले गरेको, उजुरी दिंदा नै प्रमाण पुऱ्याउनु पर्ने अवस्था भएको, अनुसन्धान गर्नु अघि नै अदालतको स्वीकृति लिनुपर्ने व्यवस्था, पीडितलाई कुनै प्रकारको पुनर्स्थापना तथा क्षतिपूर्तिको व्यवस्था नहुनु र पीडित र साक्षीको सुरक्षाको कुनै प्रत्याभूति नभएको जस्ता कारणहरूले गर्दा मानव बेचबिखन कार्य रोक्न एवम् अपराधमा संलग्न व्यक्तिहरूलाई दण्ड सजाय गर्ने कार्य प्रभावकारी हुन नसकेको कारणबाट मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ लागु गरियो ।

अनुसन्धान गर्ने प्रहरी, अभियोजन गर्ने सरकारी वकिल र न्याय दिने न्यायाधीश लगायत अन्य सरोकारवालाहरु जस्तै अपराधबाट पीडित व्यक्ति, पीडितका परिवार, समुदाय, यस अपराधका विरूद्धमा कार्यरत गैरसरकारी संघ संस्थाहरूमा काम गर्ने व्यक्तिहरु तथा पीडितका तर्फबाट अदालतमा वहस पैरवी गर्ने कानूनव्यवसायीहरूमा यस मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को पूर्ण जानकारी हुन आवश्यक देखिन्छ । यसै उद्देश्य परिपूर्तिका लागि ऐन र नियमावलीमा भएका व्यवस्थाहरूको सहज रूपमा जानकारी प्राप्त होस् भनी यो पुस्तिका प्रकाशन गरिएको छ ।

## मानव बेचबिखनको परिभाषा



मानव बेचबिखन भन्नाले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने वा प्रचलित कानूनबमोजिम बाहेक मानिसको अंग झिक्ने वा वेश्यागमन गर्ने कार्य हो ।

## मानव ओसारपसारको परिभाषा

मानव ओसारपसार भन्नाले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, भुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जवर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा मानव ओसारपसार गरेको मानिन्छ ।

## मानव बेचबिखन तथा ओसारपसारमा बन्देज

यो ऐनले कसैले पनि मानव बेचबिखन र ओसारपसार गर्न गराउन रोक लगाएको छ । कसैले त्यस्तो कार्य गरेमा कसूर मानिने व्यवस्था गरेको छ ।

नेपाल बाहिर बसी नेपाली नागरिकविरूद्ध मानव बेचबिखन तथा ओसारपसार गर्ने जुनसुकै व्यक्तिको हकमा समेत यो ऐन लागू हुने व्यवस्था छ । यस ऐनद्वारा मानव बेचबिखनको प्रयोजनका लागि बालबालिका भन्नाले १८ वर्ष मुनिको व्यक्तिलाई मान्नुपर्ने व्यवस्था गरिएको छ ।

- यस ऐनबमोजिम "पीडित" भन्नाले बेचिएको, ओसारपसार गरिएको वा वेश्यावृत्तिमा लगाइएको व्यक्तिलाई जनाउँदछ ।
- यस ऐनबमोजिम "शोषण" भन्नाले दास तुल्याउने, बाँधा बनाउने, कानूनबमोजिम बाहेक मानिसको अंग झिक्ने कार्य समेतलाई जनाउँदछ ।

## मानव बेचबिखन तथा ओसापसार कसुरका सम्बन्धमा अपनाउनुपर्ने कार्यविधि



- **उजुर गर्नुपर्ने :** मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी उजुरी नजिकको प्रहरी कार्यालयमा दिनुपर्दछ । प्रहरी कार्यालय भन्नाले पीडित बसोबास गरेको, पीडक रहेको वा घटनास्थल नजिकको प्रहरी कार्यालय हो । प्रहरी कार्यालय भन्नाले जिल्ला प्रहरी कार्यालयअर्न्तगत बालबालिका वा महिला सेल वा प्रहरी चौकी वा उपचौकी समेतलाई जनाउँदछ ।

- **जोसुकैले उजुरी गर्नसक्ने:** मानव बेचबिखन तथा ओसारपसार गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले उजुरी गर्न सक्दछ । मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुरको मौखिक र लिखित दुवै प्रक्रियाबाट उजुरी दिन सकिन्छ ।

मानव बेचबिखन तथा ओसारपसार अपराध सरकारवादी हुने फौजदारी मुद्दाको रूपमा कारवाही हुन्छ । यसमा मानव बेचबिखन तथा ओसारपसारको उजुरीउपर प्रहरीको अनुसन्धानपछि अदालती न्याय प्रक्रियामा सरकारी वकिलले मुद्दाको कानुनी प्रतिनिधित्व गर्दछ ।

**उजुरकर्ताको नाम गोप्य राख्न सकिने:** उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा प्रहरी कार्यालयले गोप्य राखिदिनु पर्दछ । यदि उजुर गर्ने व्यक्तिलाई सुरक्षा प्रदान गर्न आवश्यक देखिएमा नजिकको प्रहरी कार्यालयको सहयोग लिई तत्काल सुरक्षा व्यवस्था मिलाउनु पर्दछ ।

## ✵ उजुरी पछि चाल्नुपर्ने कदमहरू

**क) बयान प्रमाणित गराउने :** पीडित आफैले उजुरी दिएमा प्रहरी कार्यालयले निजको तत्काल बयान गराई प्रमाणित गराउनको लागि तुरून्त नजिकको जिल्ला अदालतमा उपस्थित गराउनु पर्दछ र जिल्ला न्यायाधीशले प्रमाणित गरिदिनु पर्दछ । मुद्दाको कारवाहीको सिलसिलामा पीडित अदालतमा हाजिर नभए पनि उक्त प्रमाणित बयान प्रमाणको रूपमा लिन मिल्छ ।

**ख) जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भएमा :** बयान प्रमाणित गराउन ल्याएमा सो बयानसँग सम्बन्धित कसुरको मुद्दा नजिकको जिल्ला अदालतको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्तो जिल्ला अदालतको न्यायाधीशले त्यस्तो बयान निजलाई पढी, वाची, सुनाई निजले भनेबमोजिम भए सोही व्यहोरा र नभए के कति फरक छ, सो व्यहोरा उल्लेख गरी प्रमाणित गरिदिनु पर्दछ ।

**ग) पक्राउ तथा खानतलासिसम्बन्धी व्यवस्था :** मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कुनै कार्य, कुनै घर जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाएमा तुरून्त कदम नचालेमा कसुरदार भाग्ने, उम्कने वा प्रमाण लोप वा नष्ट हुने लागेमा त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आक्तनो कब्जामा राख्न सकिनेछ ।

सो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा, आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न सकिने वा निजको खानतलासी लिन सकिनेछ । साथै त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी प्रमाण बरामद गर्न वा कब्जामा लिन सक्ने व्यवस्था छ ।

**घ) पर्चा खडा गर्नुपर्ने :** पक्राउ तथा खानतलासि गर्नका लागि कम्तिमा प्रहरी सहायक निरीक्षक (असई) स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गर्नुपर्दछ । त्यस्तो प्रहरी कर्मचारीले सम्भव भएसम्म स्थानीय निकायका प्रतिनिधिसमेत र सम्भव

नभए त्यस समयमा उपस्थित व्यक्तिहरूको रोहबरमा मुचुल्का तयार गरी सोको प्रतिलिपि सम्बन्धित घर, जग्गा वा सवारी साधन धनीलाई दिनुपर्दछ । त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी गर्न पाइनेछ ।

ङ) **थुनामा राखी कारबाही गर्न सक्ने :** पर्याप्त र मनासिव कारण भएमा अदालतले अभियुक्तलाई थुनामा राखी पूर्पक्ष गर्न आदेश दिन सक्नेछ ।

च) **प्रमाण पुऱ्याउने भार प्रतिवादीमा हुने :** मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी अभियोग लागेमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण अभियुक्त आफैले पुऱ्याउनु पर्दछ ।

छ) **पीडितले छुट्टै कानूनव्यवसायी राख्न पाउने व्यवस्था :** मुद्दाको सुनुवाई अदालतमा हुँदा पीडितले छुट्टै कानूनव्यवसायी राख्न चाहेको अवस्थामा निजले त्यस्तो कानून व्यवसायी राख्न पाउँछ । मुद्दाको काम कारवाहीमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धित अदालतको अनुमति लिई दोभाषे वा अनुवादक राख्न सक्दछ ।

ज) **बन्द इजलासमा सुनुवाई हुने :** मानव बेचबिखन तथा ओसारपसार कसुरसम्बन्धी मुद्दाको कारबाही तथा सुनुवाई बन्द इजलासमा हुन्छ । बन्द इजलासमा कारबाही र सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, उनीहरूका कानूनव्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिहरु मात्र बन्द इजलासमा प्रवेश गर्न सक्दछ ।

## ✵ उद्धार, पुनर्स्थापना तथा पुनर्मिलनसम्बन्धी व्यवस्था

क) **नेपाल सरकारले उद्धार गर्नुपर्ने :** कुनै पनि नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने पीडितको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नुपर्ने दायित्व रहेको छ ।

ख) **पुनर्स्थापना केन्द्रको स्थापना :** नेपाल सरकारद्वारा पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन आवश्यकताअनुसार पुनर्स्थापना केन्द्रको स्थापना गर्नुपर्छ । आवश्यकताअनुसार स्वीकृति लिएर कुनै सस्थाले पुर्नस्थापना केन्द्रको स्थापना र सञ्चालन गर्न सक्ने

तथा नेपाल सरकारले त्यस्ता केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नुपर्छ ।

**ग) पुनर्स्थापना कोषको स्थापना :** नेपाल सरकारले पुनर्स्थापना केन्द्र सञ्चालन गर्न एक पुनर्स्थापना कोषको स्थापना गर्नुपर्छ । उक्त कोषमा नेपाल सरकारबाट प्राप्त रकम, कुनै स्वदेशी वा विदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम, जरिवानावापत प्राप्त हुने रकम रहने व्यवस्था गरिएको हुन्छ ।

**मानव बेचबिखन तथा ओसारपसारको कसुरमा देहायबमोजिम दण्डसजाय हुने व्यवस्था छ :**

- मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र २ लाख रुपैयाँ जरिवाना हुन्छ ।
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाएमा लगाउनेलाई कसुरको मात्रा हेरी १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- गैरकानुनी रुपमा मानिसको अंग झिक्नेलाई १० वर्ष कैद र २ लाख रुपैँयादेखि ५ लाख रुपैँयासम्म जरिवाना हुन्छ ।
- वेश्यागमन गर्नेलाई १ महिनादेखि ३ महिनासम्म कैद र २ हजार रूपैयाँदेखि ५ हजार रूपैयाँसम्म जरिवाना हुन्छ ।
- किन्न वा बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले कसैलाई विदेश लगिएमा लग्नेलाई १० देखि १५ वर्षसम्म कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैँयासम्म जरिवाना हुन्छ तर बालबालिकालाई विदेशमा लगिएमा १५ देखि २० वर्षसम्म कैद र १ लाख रूपैयाँदेखि २ लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा मानिसलाई लगिएमा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद र ५० हजार रूपैयाँदेखि १ लाख रूपैयाँसम्म जरिवाना हुन्छ ।
- नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा बालबालिका लगिएमा १० देखि १२ बर्षसम्म कैद र १ लाख जरिवाना हुन्छ ।
- शोषण (बाँधा, दास बनाउनु वा मानव अङ्ग झिक्नु) गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई एक वर्षदेखि दुई वर्षसम्म कैद र विदेश लगेको भए दुई वर्षदेखि पाँच वर्षसम्म कैद हुन्छ ।
- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले ललाई फकाई, प्रलोभनमा पारी,

झुक्याई, जालसाज वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लाने वा आफूसँग राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिनेलाई ७ वर्षदेखि १० वर्षसम्म कैद हुन्छ ।




❋ **थप सजाय हुने**

क) **वेश्यावृत्तिमा लगाउने उद्देश्यका साथ गरेमा :** कुनै प्रकारले परिवारबाट छुटाई लैजाने र किन्ने, बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश वा नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लैजाने व्यक्ति एउटै भएमा त्यसरी छुटाई लगेको र विदेश वा नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लगेवापत छुट्टाछुट्टै सजाय हुन सक्दछ ।

ख) **सार्वजनिक पद धारण गर्ने व्यक्ति भएमा थप सजाय :** कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर गरेमा निजलाई सो कसुर गरेवापत हुने सजायको अतिरिक्त सो सजायको २५ प्रतिशत थप सजाय हुन्छ ।

ग) **अभिभावक वा संरक्षकले गरेमा :** संरक्षकले वा अभिभावकले वा हाडनाता सम्बन्ध भएको व्यक्तिले मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर गरेमा निजलाई सो कसुर गरेवापत हुने सजायको अतिरिक्त १० प्रतिशत थप सजाय हुन्छ ।

घ) **पटके कसुरदारलाई थप सजाय हुने :** एक पटक कसुर गरी सजाय पाइसकेपछि सोही कसुर पुनः गरेमा प्रत्येक पटक कसुर गरेवापत सो कसुर गरेमा हुने सजायको एक चौथाई थप सजाय हुन्छ ।

❋ **दुरुत्साहन, षड्यन्त्र वा उद्योग :** मानव बेचबिखन तथा ओसारपसारको कसुर गर्न दुरूत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा मतियारलाई सम्बन्धित सजायको आधा सजाय हुन्छ ।

❋ **उजुर गर्ने व्यक्तिलाई सजाय :** उजुर गर्ने व्यक्तिले आफूले एक पटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा वा अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई ३ महिनादेखि १ वर्षसम्म कैद हुन्छ ।

❋ **पीडितले क्षतिपूर्ति पाउने :** मानव बेचबिखन र ओसारपसार मुद्दामा अदालतले

कसुरदारलाई गरेको जरिवानाको ५० प्रतिशत बराबरको रकम नघट्ने गरी पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनुपर्दछ । क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा निजको नाबालक छोराछोरी वा उनीहरू नभएमा आश्रित आमाबुबालाई दिनुपर्दछ । पीडितका नाबालक छोराछोरी र आश्रित आमाबुबा नभएमा त्यस्तो रकम पुनर्स्थापना कोषमा जम्मा हुन्छ ।

❋ **सम्पत्ति जफत हुने :** कसैले मानव बेचबिखन तथा ओसारपसार अपराधबाट कुनै चल अचल सम्पत्ति जोडेको रहेछ भने त्यस्तो सबै सम्पत्ति जफत हुन्छ । त्यसैगरी कसैले यो अपराध गर्न गराउन जानी-जानी आ□नो घर, जग्गा वा सवारी साधन प्रयोग गराएको वा प्रयोग गर्न दिएमा त्यस्तो घर जग्गा वा सवारी साधन पनि जफत हुन्छ ।

**आत्मरक्षाको अधिकार :** आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको वा लगेको वा किनेको वा बेचेको वा वेश्यावृत्तिमा लगाएको थाहा पाई त्यस्तो व्यक्तिको पञ्जाबाट उम्कन खोज्दा बल प्रयोग नगरी नहुने देखिएमा र त्यसरी बल प्रयोग गर्दा त्यस्तो व्यक्तिको मृत्यु भएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा पनि बच्ने प्रयास गर्ने व्यक्तिलाई कुनै प्रकारको सजाय नहुने गरी आत्मरक्षाको अधिकार छ ।

❋ **पुरस्कारको व्यवस्था :** मानव बेचबिखन तथा ओसारपसार गरेको वा गर्न लागेको छ भन्ने सूचना कसैले दिएको आधारमा पीडितको उद्धार गरिएमा वा संलग्न व्यक्ति पक्राउ गरी सजाय भएमा कसुरदारले तिरेको जरिवानाको दश प्रतिशत पुनर्स्थापना कोषबाट सूचना दिने व्यक्तिलाई पुरस्कारको व्यवस्था गरिएको छ । सूचना दिने व्यक्ति एकभन्दा बढी भएमा त्यस्तो पुरस्कार दामासाहिले दिइन्छ । यसरी सूचना दिने व्यक्तिको विवरण गोप्य राखिन्छ ।

❋ **कसुर स्वीकार गरेमा सजायमा छुट पाउन सक्ने :** कसुरदारले पहिलो पटक कसुर गरेको ठहरेमा र निजले आफूखुसी कसुर स्वीकार गरी अरू प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न प्रहरी, सरकारी वकिल वा अदालतलाई सघाएमा निजलाई कानूनले हुने सजायमा बढीमा पच्चीस प्रतिशतसम्म सजाय छुट हुन सक्छ ।

तर त्यस्तो व्यक्तिले अदालतमा बयान फेरेमा वा निजले गरेको सहयोग अरू प्रमाणबाट प्रमाणित नभएमा निजउपर पुनः मुद्दा दायर गर्न सकिन्छ ।

माथि जुनसुकै कुरा लेखिएको भएता पनि निज मुख्य कसुरदार भएमा, बालबालिकाको बेचबिखन वा ओसारपसार गरेको भएमा, एकपटक सजायको छुट पाइसकेको व्यक्तिले पुनः कसुर गरेको देखिएमा सजायमा छुट हुँदैन ।

- **पीडितको नाम गोप्य राख्नुपर्ने :** कसैले पनि पीडितको स्वीकृति नलिई पीडितको वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकुल हुने कुनै पनि विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचारप्रसार गर्न हुँदैन । अनुमति बिना नाम, तस्वीर, विवरण छाप्ने वा प्रचारप्रसार गर्ने व्यक्तिलाई १० हजार रुपैयाँदेखि २५ हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- **पीडित तथा साक्षीको सुरक्षाको व्यवस्था :** मानव बेचबिखन तथा ओसारपसार मुद्दाका पीडित, साक्षीले सोही मुद्दाका कारण आफू असुरक्षित भएको महसुस गरी सुरक्षा पाउँ भनी नजिकको प्रहरी कार्यालयमा अनुरोध गरेमा त्यस्तो प्रहरी कार्यालयले निजलाई मुद्दाको सिलसिलामा अड्डा, अदालत आउँदा जाँदा सुरक्षा दिने, निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने र पुनर्स्थापना केन्द्रमा राख्ने लगायतको सुरक्षाको व्यवस्था गर्नुपर्दछ ।

## समिति गठन गर्ने सम्बन्धमा

मानव बेचबिखन तथा ओसारपसार कसुर नियन्त्रण गर्ने तथा पीडितलाई पुनर्स्थापना गर्नेसम्बन्धी कार्यमा सरकारी निकाय तथा गैरसरकारी संस्थाबीच समन्वयसमेत गर्नका लागि नेपाल सरकारले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको सचिवको अध्यक्षतामा एक राष्ट्रिय समिति गठन गर्ने व्यवस्था छ र उक्त समितिलाई स्थानीय तहमा सघाउन जिल्ला तहमा आवश्यकतानुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा एक जिल्ला समिति गठन गर्न सकिन्छ । यो समितिको काम कारबाही नियमद्वारा नियन्त्रित र निर्देशित रहने व्यवस्था गरिएको छ ।

## उद्धार, पुनर्स्थापना तथा पुनर्मिलनसम्बन्धी व्यवस्था

**क) केन्द्रको स्थापना र सञ्चालनसम्बन्धी व्यवस्था :** जिल्ला समितिले पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन सामाजिक रूपमा पुनर्स्थापना गर्न र पारिवारिक पुर्नमिलन गराउन

केन्द्रको स्थापना र सञ्चालन गर्न सक्छ।

केन्द्र सञ्चालन गर्ने संस्थाले केन्द्रको व्यवस्थापनका लागि एक व्यवस्थापन समिति गठन गर्नुपर्छ । सो समितिको कुल संख्यामा कम्तिमा ५० प्रतिशत महिला हुनुपर्छ । यसका साथै केन्द्रले आफूले प्रदान गर्ने सेवासँग सम्बन्धित विषयमा दक्षता र अनुभव भएका व्यक्तिहरूबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउनु पर्छ । केन्द्रमा रहेका प्रत्येक पीडितहरूको छुट्टाछुट्टै व्यक्तिगत विवरणको अभिलेख राख्नुपर्छ।

**ख) केन्द्रको सञ्चालनका लागि आवश्यक मापदण्ड :**

- पीडितलाई राख्ने न्युनतम आधारभूत सुविधा सहितको भौतिक संरचना भएको ।
- पीडितलाई मनोसामाजिक विमर्श र स्वास्थ्य सेवा समेतको परामर्श सेवा उपलब्ध गराउन सक्ने ।
- पीडितलाई आवश्यकताअनुसार औषधोपचारको सेवा प्रदान गर्न वा सोको प्रबन्ध गर्न सक्ने ।
- पीडितलाई आवश्यकताअनुसार कानूनी सेवा प्रदान गर्न वा सोको प्रबन्ध गर्न सक्ने ।
- पीडितलाई शिक्षाको आवश्यक प्रबन्ध गर्न सक्ने ।



### सिपमुलक तालिमको व्यवस्था

केन्द्रले राष्ट्रिय समिति तथा जिल्ला समितिसँग समन्वय गरी केन्द्रमा रहेका पीडितहरूका लागि सिपमुलक तालिमको व्यवस्था गरिदिनु पर्छ । यसरी जिल्ला समितिले तालिम प्राप्त व्यक्तिहरूको छनोट गरी निजहरूलाई बीउ पूँजी उपलब्ध गराउन वा यस्तो पूँजी उपलब्ध गराउन सक्ने बैंक वा वित्तीय संस्था वा कार्यक्रमसँग समन्वय गरिदिनुपर्छ । यसरी तालिम प्राप्त व्यक्तिहरूलाई केन्द्रले रोजगार बजारसम्बन्धी सूचना प्रवाह तथा रोजगारीको लागि सहजीकरणसमेत गरिदिनु पर्छ ।

## पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलनसम्बन्धी व्यवस्था

मानव बेचबिखन तथा ओसारपसारबाट उद्धार गरिएका पीडित तथा निजसँग रहेका नाबालकलाई पुनर्स्थापना तथा पारिवारीक पुनर्मिलन नहुञ्जेल सम्मका लागि केन्द्रमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

तत्कालका लागि केन्द्रमा राखिएका पीडितलाई ६ महिनाभन्दा बढी अवधि केन्द्रमा राख्न हुँदैन । तर उद्धार गरिएको व्यक्ति नाबालिग भएमा निजलाई वैकल्पिक व्यवस्था गरी बालबालिकाका निम्ति स्थापित केन्द्रमा स्थानान्तरण गरिनु पर्दछ । त्यस्ता व्यक्तिहरूलाई केन्द्रले निजको घर परिवारको खोजतलास गरी पारिवारीक पुनर्मिलन गराउनु पर्छ । केन्द्रले यस्तो पारिवारिक पुनर्मिलन गराउँदा पीडित तथा निजको परिवारका सदस्यलाई आवश्यक परामर्श दिने, सहजीकरण गर्ने लगायतका आवश्यक उपायको अवलम्बन गर्नुपर्छ ।